# कीर्तिपुर नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाडौं

## ३ घन मीटर क्षमताको ट्रिपर खरिदको सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७६/०१/११)

चालु आ.ब. ०७५/०७६ मा यस नगरपालिकाको लागि ३ घन मीटर क्षमताको ट्रिपर थान - १ (एक) खरीद गर्नु परेकोले ईच्छुक सम्बन्धित कार्यको अनुभव, रजिष्टर्ड आपूर्तिकर्ता, फर्महरुबाट चालु आर्थिक वर्षका लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, व्यवशाय दर्ता प्रमाण पत्र लगायत अन्य आवश्यक कागजातहरु समेत संलग्न गरी देहाय बमोजिम सिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

१) बोलपत्र फाराम खरीद गर्नको लागि आपूर्तिकर्ता व्यवसायी आफै वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ ।

२) सिलबन्दी बोलपत्र निम्नानुसार मिति, समय र स्थानमा खरीद गरी दर्ता गरि सक्नुपर्नेछ । दर्ता भएका सिलबन्दी बोलपत्रहरु बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधीको उपस्थितिमा नगरपालिका कार्यालयमा खोलिनेछ । निजहरु उपस्थित नभएमा पनि सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

३) तोकिएको मितिमा विदा परेमा विदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) सिलबन्दी बोलपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ ।

४) सिलबन्दी बोलपत्र दाखिला गर्दा आफूले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टी कामको नाम लेखी प्रष्ट बुझिने गरी छाप लगाई सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

५) सिलबन्दी बोलपत्र साथ कबुल गरेको अंकको २.५ प्रतिशत (अढाई प्रतिशत)ले हुने रकम धरौटीको रुपमा यस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक टेकुमा रहेको धरौटी खाता नं. १७००३०३००३००५मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले **जारी गरेको** कम्तीमा १२० दिन म्याद रहेको बैंक जमानी पत्र संलग्न भएको हुनुपर्नेछ ।

६) ट्रिपर थान - १ को स्पेशीफिकेशन यस कार्यालयबाट बोलपत्र साथ उपलब्ध गराईनेछ । स्पेशीफिकेशन अनुसार प्राप्त नभएका बोलपत्र माथी कुनै कारवाही हुने छैन ।

७) यस बोलपत्र सम्बन्धी अन्य कुनै पनि कुरा बुझ्नुपरेमा विदाको दिन बाहेक कार्यालय समयमा जिन्सी शाखामा सम्पर्क राख्न सकिनेछ ।

८) बोलपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ ।

९) बोलपत्र सम्वन्धी कागजातमा देहायका प्राविधिक पक्षको मूल्याङ्कनका आधारहरु स्पष्ट खुलाई पेश गर्नु पर्ने छ । सो कागजात पेश गर्दा अनिवार्य रुपले निम्न लिखित आधारभुत कागजातहरुको प्रमाणित प्रतिलिपी समावेश गरी सो सम्वन्धी विवरण फाराम पूर्ण रुपमा भर्नु पर्ने छ ।

क. सम्वन्धित कम्पनीबाट आधिकारीक रुपमा अनुमती लिएको ।

ख. कम्तीमा ३ बर्ष देखि नेपालमा आधिकारीक सेवा गरिरहेको ।

ग. आर्थिक दक्षताको विवरण र कार्यालय स्थापना भएको ।

घ. नेपाल भित्र आफ्नै सर्भिसिङ्ग सेन्टर स्थापना भएको ।

ङ. नेपाल भित्र कम्तीमा ५ (पाँच) वटा ट्रिपर सरकारी वा गैरसरकारी संस्थालाई आपूर्ती गरेको ।

१०) बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस नगरकार्यपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

११) बोलपत्र सम्वन्धी विस्तृत सूचना यस नगरपालिकाको सूचना पाटीमा टाँस गरिएको छ ।

१२) प्रस्तावित कार्यको निमित्त आवश्यक अनुभव, आर्थिक दक्षताको विवरण, वीमा सम्वन्धि व्यवस्था एवं मालसामान आपूर्ति तालिका बोलपत्रसाथ संलग्न हुनुपर्नेछ ।

१३) यसमा उल्लेख भए देखि बाहेकका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक नियमावली, २०६४ र प्रचलित कानून अनुसार हुनेछ ।

**तपसिल :**

| सि. नं. | सामानको विवरण | बोलपत्र खरीद गर्ने अन्तिम मिति, समय र स्थान | बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान | बोलपत्र खोल्ने मिति, समय र स्थान | बोलपत्र फाराम खरीद मूल्य |
|---|---|---|---|---|---|
| १. | ट्रिपर थान - १ (एक) खरिद | प्रथम पटक प्रकाशित मितिले ३० दिन भित्र । कीनपा कार्यालय (कार्यालय समय भित्र) | ३१ औं दिन, दिनको १२:०० बजे सम्म कीनपा कार्यालय | ३१ औं दिन, दिनको ५:०० बजे, कीनपा कार्यालय | ३०००।- |

प्रमुख प्रशासकीय अधिकृत